# मन्दाकिनी हाइड्रोपावर लि.

सिनामंगल, काठमाण्डौ

## एघारौं वार्षिक साधारण सभा बस्ने बारेको सूचना

(प्रथम पटक प्रकाशित मिति २०८१/०७/०७ गते)

**श्री आदरणीय शेयरधनी महानुभावहरु,**

यस मन्दाकिनी हाइड्रोपावर लि.को मिति २०८१/०७/०४ गते अपरान्ह ४:०० बजेदेखि साँझ ५:३० बजेसम्म बसेको संचालक समितिको बैठकको निर्णयानुसार यस मन्दाकिनी हाइड्रोपावर लिमिटेडको एघारौं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न संचालन हुने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**

**मिति** : मितिः २०८१ मंसिर ७ गते शुक्रबार तद्नुसार November 22, 2024
**स्थान** : नेपाली चुलो लाजिम्पाट, काठमाण्डौं
**समय** : बिहान ८:०० बजे ।

**छलफलका विषयसूचीहरु :**

**क. सामान्य प्रस्तावहरुः**

(१) संचालक समितिका तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आ.व. २०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने बारे,
(२) लेखापरिक्षकको प्रतिवेदन सहित २०८१ आषाढ मसान्तको वासलात, तथा सोही मितिमा समाप्त आ.व. २०८०/०८१ को नाफा-नोक्सान हिसाब, शेयर पूँजीमा भएको परिवर्तन, नगद प्रवाह विवरण लगायत सो सँग सम्बन्धित अन्य अनुसूचिहरु उपर छलफल गरि पारित गर्ने बारे,
(३) कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व. २०८१/०८२ को लेखापरिक्षण गर्नको लागि लेखापरीक्षकको नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने बारे,
(४) संचालक समितिबाट प्रस्ताव गरे अनुसार ०.२६३२ प्रतिशतका दरले हुन आउने रु.१६,२०,९८३.२० नगद लाभांश कर प्रयोजनका लागि स्वीकृत गर्ने बारे ।

**ख. विशेष प्रस्तावहरुः**

(१) संचालक समितिले प्रस्ताव गरे बमोजिम २०८१ आषाढ मसान्तसम्म कायम रहेको सञ्चित मुनाफा समेतबाट चुक्ता पूँजीको ५ प्रतिशत बोनश शेयर वितरण गर्न स्वीकृती गर्ने,
(२) माथिल्लो सार्दी खोला जलविद्युत आयोजना २.९ मे.वा. पारियोजना निर्माण गर्ने, डल्फिन पावर प्रा.लि.मा लगानी गर्ने तथा बैंक ऋण भुक्तानी गर्ने लगायतका कार्य गर्न बोनश शेयर वितरण पश्चात् कायम चुक्ता पूँजीको १:१.२५ अर्थात् (एक कित्ता बराबर १.२५ कित्ता) हकप्रद शेयर जारी गर्ने,
(३) कम्पनीको रजिष्टर्ड कार्यालय स्थानान्तरण गर्ने तथा प्रबन्ध पत्रको दफा २ तथा नियमावलीको नियम २ संशोधन गर्ने,
(४) कम्पनीको पूँजी बृद्धि गर्ने तथा प्रबन्ध पत्रको दफा ६ (क) र (ख) संशोधन गर्ने,
(५) डल्फिन पावर प्रा.लि.मा गरिएको लगानी अनुमोदन गर्ने तथा थप लागनी गर्ने बारे,
(६) बोनश शेयर तथा हकप्रद शेयर जारी गर्ने, कम्पनीको रजिष्टर्ड कार्यालय स्थान्तरण गर्ने, कम्पनीको पूँजी बृद्धि गर्ने, प्रबन्ध पत्र तथा नियमावली संशोधन गर्ने, अन्य कम्पनीहरुमा गरिएको लगानी लगायत विविध विषयमा नियामक निकायहरुबाट कुनै पनि किसिमको संशोधन, फेरबदल एवं थपघट लगायतका निर्देशनहरु प्राप्त भएमा सोही बमोजिम संशोधन, फेरबदल एवं थपघट गर्न संचालक समितिलाई आवश्यक सम्पूर्ण अख्तियारी प्रदान गर्ने ।

**ग. विविध ।**

सञ्चालक समितिको आज्ञाले,
**कम्पनी सचिव**

**साधारण सभा सम्बन्धी थप जानकारी :**

१. ११ औं वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८१/०७/२८ गते १ (एक) दिन कम्पनीको शेयरधनी दर्ता किताब बन्द गरिनेछ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८१/०७/२७ गतेसम्म कारोवार भई सिडिएस एण्ड क्लियरिङ्ग लि.बाट राफसाफ भएको र कम्पनीको शेयर रजिष्ट्रार ग्लोबल आइएमई क्यापिटल लि.को अभिलेखमा दर्ता भएका शेयरधनीहरु सो सभामा भाग लिन तथा आ.व. २०८०/०८१ सम्मको सञ्चित खुद मुनाफाबाट बोनश तथा नगद लाभांश पाउन योग्य हुने छन् ।
२. शेयरधनी महानुभावहरुको उपस्थिती पुस्तिकामा दस्तखत गर्न शेयरधनी उपस्थिती पुस्तिका बिहान ७:०० बजेदेखि सभा संचालन रहेसम्म खुल्ला गरिनेछ ।
३. वार्षिक साधारण सभामा भाग लिन आउनुहुने शेयरधनी महानुभावहरुले आफ्नो परिचय खुल्ने प्रमाण कागजत तथा हितग्राही खाता खोलि शेयर अभौतिकरण गरिएको विवरण देखिने DEMAT Account Statement वा शेयर प्रमाण पत्र साथमा लिई आउनु हुन अनुरोध गर्दछौं, अन्यथा सभाकक्ष भित्र प्रवेश गर्न पाइने छैन ।
४. सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीका लागि आर्थिक विवरण लगायतका वार्षिक साधारण सभामा पेश हुने सम्पूर्ण प्रस्तावहरु तथा साधारण सभा सम्बन्धी जानकारीको लागि कम्पनीको Website: https://www.mandakinihydro.com.np मा हेर्न सक्नु हुनेछ ।
५. साधारण सभमा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहाने शेयरधनीहरुले प्रचलित कम्पनी कानुनले तोकेको ढाँचामा प्रतिनिधि (प्रोक्सी) फाराम भरी सभा सुरु हुनु भन्दा ४८ घण्टा अगावै अर्थात् मिति २०८१/०८/०५ गते बिहान ८:०० बजे भित्र कम्पनीको रजिष्टर्ड कार्यालय सिनामंगल, काठमाडौंमा दर्ता गराई सक्नु पर्नेछ । एक भन्दा बढि व्यक्तिलाई प्रोक्सी दिन पाइने छैन, यसरी दिइएको पाइएमा उक्त प्रोक्सी बदर हुनेछ ।
६. प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि सम्बन्धित शेयरधनीले प्रोक्सी फेरबदल गर्न चाहेमा यस अघि दिइएको प्रोक्सी बदर गरी यो प्रोक्सीलाई मान्यता दिइयोस् भन्ने छुट्टै पत्र सहित प्रतिनिधि (प्रोक्सी) फाराम भरी सभा सुरु हुनु भन्दा ४८ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालय सिनामंगल, काठमाण्डौमा दर्ता गराएको अवस्थामा पुरानो प्रोक्सी स्वतः बदर भएको मानि पछिल्लो प्रोक्सीलाई मान्यता दिइने छ । प्रतिनिधि नियुक्त गरे पश्चात् शेयरधनी स्वयं सभामा उपस्थित भई हाजिरी पुस्तिकामा हस्ताक्षर गरेमा निजले दिएको प्रोक्सी स्वतः बदर हुनेछ ।
७. नाबालक शेयरधनीहरुको तर्फबाट कम्पनीको शेयरधनी दर्ता किताबमा संरक्षकको नाममा दर्ता भएका महानुभावले सभामा भाग लिन वा मतदान गर्न वा प्रोक्सी नियुक्त गर्न सक्नेछन् ।
८. एक भन्दा बढि व्यक्तिहरुको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा सर्व सम्मतीबाट प्रतिनिधि चयन गरिएको एक जनाले मात्र वा शेयरधनी दर्ता किताबामा पहिलो नामा उल्लेख भएको व्यक्तिले सभामा भाग लिन सक्नेछन् ।
९. साधारण सभामा आफ्नो मन्तव्य राख्न चाहाने शेयरधनी महानुभावहरुले सभा सुरु हुनु भन्दा अगावै आफ्नो नाम कम्पनीको आधिकारी प्रतिनिधि/कम्पनी सचिवलाई टिपाउनु पर्नेछ ।